श्रद्धेय सभाध्यक्ष ज्यू,प्रमुख अतिथि ज्यू,विषेष अतिथि ज्यूहरु गाउँसभाका सदस्य ज्यूहरु,आदरणीय सोरुवासी आमा बुवा,दाजुभाई तथा दिदि बहिनिहरु, पत्रकार तथा संचारकर्मी,कर्मचारी तथा सुराक्षाकर्मीहरु एवं अन्य उपस्थित महिला तथा सज्जनवृन्द ।

यस सम्मानित गाउँसभामा सोरु गा.पा.को उपाध्यक्षको हैसियतले आगामी आ.व.२०७८।०७९ को निति तथा कार्यक्रम सहितको वजेट वक्तव्य र अनुमानित आय र व्यय सहितको वजेट प्रस्तुत गर्न पाँउदा अत्यन्तै खुसिकासाथ हार्दिक कृतज्ञता व्यक्त गर्न चाहान्छु ।

लामो लोकतान्त्रिक तथा गणतान्त्रिक आन्दोलनमा शाहदत प्राप्त गर्ने ज्ञात अज्ञात सम्पूर्ण महान शहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्न चाहन्छु । साथै घाईते अपाङ्ग,वेपत्ता र नागरिक अधिकारको लागि लड्ने मुगु जिल्ला तथा सोरु गाउँपालिकाका सवै अग्रज नेतृत्व प्रति हार्दिक उच्च सम्मान प्रकट गर्न चाहन्छ ु।  विश्व महामारिको रुपमा फैलिएको कोभिड १९ ले विश्व समुदायनै आक्रान्त भएको अवस्थामा यस सोरु गाउँपालिका समेत अछुतो हुन नसकेको स्थीतीमा गुज्रिरहेकोले  होम क्वाराइनटाईमा रहेका सम्पूर्णलाई संक्रमितहरु प्रति सिग्र स्वास्थ्य लाभको कामना व्याक्त गर्दछु । ३६५ वर्ग कि.मि. क्षेत्रफल भएको र १५९७३ जनसंख्या रहेको यस गाउँपालिकाका आमजनताको गुणस्तरिय जीवनमा वृद्धि गर्न,गरिवि न्यूनिकरण गर्न,वेरोजगारि घटाउन,असमानता घटाउन र विभेदको अन्त्य गर्नमा र विकास गर्ने जनताको जनचासो सम्बोधन गर्न यस बजेटले विशेष योगदान गर्ने छ भन्ने अपेक्षा लिएको छु ।

**यस आ.व.२०७८।७९ को निति तथा कार्यक्रम सहितको वजेट वक्तव्य पेश गर्नु अगाडि म गत आ.व २०७७।०७८ को वजेटको संक्षिप्त रुपमा समिक्षा गर्ने अनुमति चाहन्छ ।**

१.आ.व. २०७७।०७८ मा अर्न्तसरकारि वित्तिय हस्तान्त्रण अर्न्तगत यस गाउँपालिकालाई प्राप्त भएको समानिकरण अनुदान जम्मा रु ९२२०००००(नौ करोड वाईस लाख) मध्ये हाल सम्म ७८१३२७१९ सात करोड एकासी लाख बत्तिस हजार सात सय उन्नाइस गरि जम्मा ८ ४ प्रतिशत रकम खर्च भएको छ ।

२.आ.व. २०७७।०७८ मा अर्न्तसरकारि वित्तिय हस्तान्त्रण अर्न्तगत यस गाउँपालिकालाई प्राप्त भएको शर्षत अनुदान नगद अनुदान जम्मा रु १६९७०४०८०(सोह्र करोड सन्तानव्य लाख चार हजार असी) मध्ये हाल सम्म १४५३५५६६९ (चौध करोड तिरपन्न लाख पच्पन्न हजार छ सय अनान्सत्तरी गरि जम्मा ८५ प्रतिशत रकम खर्च भएको छ ।

३.आ.व. २०७७।०७८ मा अर्न्तसरकारि वित्तिय हस्तान्त्रण अर्न्तगत यस गाउँपालिकालाई प्राप्त भएको शर्षत अनुदान नगद ऋण ६०००००(छ लाख) मध्ये हाल सम्म ५५००००( पाँच लाख पचास हजार गरि जम्मा ९१ प्रतिशत खर्च भएको छ।

४.आ.व. २०७७।०७८ मा अर्न्तसरकारि वित्तिय हस्तान्त्रण अर्न्तगत यस गाउँपालिकालाई प्राप्त भएको नेपाल सरकार आई डि ए सोधभर्ना हुने रिण १४३०२००० **एक करोड त्रिचालिस लाख विस हजार मध्ये** जम्मा रु १३०२०२३९ अक्षरुपी एक करोड तिस लाख विस हजार दुइ सय उन्चालिस गरि जम्मा ९१ प्रतिशत रकम खर्च भएको छ।

५. आ.व. २०७७।०७८ मा अर्न्तसरकारि वित्तिय हस्तान्त्रण अर्न्तगत यस गाउँपालिकालाई प्राप्त भएको नेपाल सरकार एस एस डिपी शर्षत अनुदान सोधभर्ना हुने अनुदान ६६३४००० छैसठी लाख चौतिस हजार मध्ये ३७९६९८८ सड्तिस लाख छयानव्य हजार नौ सय अठासी खर्च भएको रकम गरि जम्मा २७ प्रतिशत रकम खर्च भएको छ।

६. आ.व. २०७७।०७८ मा अर्न्तसरकारि वित्तिय हस्तान्त्रण अर्न्तगत यस गाउँपालिकालाई प्राप्त भएको नेपाल सरकार एस एस डि पी सोधभर्ना हुने रिण ९३२९००० तिरानव्य लाख उन्तिस हजार मध्ये ३७८९६०० सड्तिस लाख उनान्नव्य हजार छ सय खर्च भएको रकम गरि जम्मा ५७ प्रतिशत रकम खर्च भएको छ।

७. आ.व. २०७७।०७८ मा अर्न्तसरकारि वित्तिय हस्तान्त्रण अर्न्तगत यस गाउँपालिकालाई प्राप्त भएको नेपाल सरकार यूरोपियन यूनियन नगद अनुदान २४८३००० चौविस लाख तिरासी हजार मध्ये २४७९३६० चौविस लाख उनासीहजार तिन सय साठी गरि जम्मा ९९ प्रतिशत रकम खर्च भएको छ।

८. आ.व. २०७७।०७८ मा अर्न्तसरकारि वित्तिय हस्तान्त्रण अर्न्तगत यस गाउँपालिकालाई प्राप्त भएको नेपाल सरकार ए डि वि पि भि एल शर्षत अनुदान तर्फको नगद रिण प्रधानमन्त्री रोजगारको लागि मिति २०७८।०३।१९ गतेका दिन मात्रै ६२५६००० बैसठी लाख पैसठीहजार प्राप्त भएकाले उक्त सम्पूर्ण रकम खर्च हुन बाँकी छ।

९.प्रदेश सरकार समानिकरण अनुदान नगद तर्फ यस गाउँपालिकालाई १०१५४००० एक करोड एक लाख चौउन्न हजार प्राप्त भएकोमा ९० लाख ९४ हजार ३ सय उनासी रकम गरि ८९ प्रतिशत रकम खर्च भएको छ।

१०.कर्णाली प्रदेश  समपुरक अनुदान वापत यस सोरु गाउँपालिकालाई प्राप्त रु १३०००००० एक करोड तिस लाख मध्ये ५०००००० पचासलाख गरि जम्मा ३८ प्रतिशत खर्च भएको छ।

११.कणालि प्रदेश विषेश अनुदान वापत यस गाउँपालिकालाई प्राप्त रकम मध्ये ६०००००० मध्ये ५०००००० पचास लाख खर्च भई जम्मा ८४ प्रतिशत रकम खर्च भएको छ ।

१२.कणाली प्रदेश सर्षत अनुदान वापत यस गाउँपालिकालाई प्राप्त ७५००००० पचहत्तर लाख मध्ये खर्च भएको ४५००००० पैतालिस लाख खर्च भएको रकम गरि ६० प्रतिशत रकम खर्च भएको छ ।

१३.प्रदेश सरकार राजश्व वाँडफाँड वापत यस गाउँपालिकालाई प्राप्त रकम रु १७४८७४।७८ एक लाख चौरहत्तर हजार दशमलव अठहत्तर रुपैया खर्च भएको रकम गरि सत प्रतिशत रकम  खर्च भएको छ ।

१४.संघिय सरकार राजश्व वाँडफाँड वापत यस सोरु गाउँपालिकालाई प्राप्त रकम रु ६९०३३५३० छ करोड नव्य लाख तेत्तिस हजार पाँच सय तिस रुपैया मध्ये ६१६६१४२६ छ करोड सोह्र लाख एक सठी हजार चार सय छव्वीस खर्च भएको रकम गरि जम्मा ८९ प्रतिशत रकम खर्च भएको छ ।

१५.यस सोरु गाउँपालिकाको गत  आ.व.२०७६।०७७ को आन्तरिक श्रोतको जम्मा रकम रु ५७८००००० पाँच करोड अठहत्तर लाख मध्ये खर्च भएको रकम ४६२५८४१४ चार करोड वैसठी लाख अन्ठाउन्न हजार चार सय चौध रुपैया मध्ये ८० प्रतिशत रकम खर्च भएको छ ।

१६.स्थानिय पूर्वाधार विकास साझेदारी संघिय निर्वाचन विकास कोष वाट यस गाउँपालिकालाई प्राप्त भएको रकम रु ८५००००० पचासी लाख मध्ये सत प्रतिशत रकम खर्च भएको छ ।

१७.गरिव संग विश्वेश्वर कार्यक्रम अन्तर्गत यस गाँउपालिकालाइ प्राप्त भएको रकम ७७७००० सात लाख सत्तहर हजार आएकोमा सत प्रतिशत रकम खर्च भएको छ ।

१८. एकिकृत स्वास्थ पुर्वाधार विकास कार्यक्रम अन्तर्गत हाल सम्म यस गाँउपालिकाकालइ प्राप्त भएको रकम रु ८५००००० प्राप्त भएकोमा सत प्रतिशत रकम खर्च भएको छ ।

१९. नेपाल सरकार सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम अर्न्तगत यस गाँउपालिकालाइ प्राप्त भएको रकम रु.५७५४७२०० पाँच करोड पचहतर लाख सरचालिस हजार दुइ सय मध्ये हाल सम्म  सत प्रतिशत रकम खर्च भएको छ ।

**२० प्रदेश सरकारबाट** मुख्यमन्त्री रोजगार, उद्यमशीलता तथा आयआर्जन कार्यक्रम **वापत यस गाँउपालिकालाइ प्राप्त भएको रकम रु.४७१६७००० चार करोड एकहतर सरसठी हजार मध्ये सत प्रतिशत रकम खर्च भएको छ।**

**प्रदेश सरकार बाट यस गाँउपालिका अन्तर्गत** मुख्यमन्त्री रोजगार, उद्यमशीलता तथा आयआर्जन कार्यक्रम भिइ कपास खेतिमा रू ३९५७००० उन्नाचालिस लाख सन्ताउन्न हजार मध्ये सत प्रतिशत रकम खर्च भएको छ ।

**२१.प्रदेश सरकारबाट यस गाँउपालिकालाइ प्राप्त बैक खाता छोरीको सुरक्षा जीवन भरीको कार्यक्रम मा रु ४००००० चार लाख बजेट विनियोजन भएको सो रकम को २८०००० दूइ लाख असि हजार ७० प्रतिशत खर्च भएको छ।**

**२२. प्रदेश सरकार सामाजिक विकास मन्त्रालयबाट यस गाँउपालिकालाइ प्राप्त भएको पोखरी दुनि खेलमैदान निर्माण रू १० लाख प्राप्त भएकोमा सत प्रतिशत रकम खर्च भएको छ ।**

**यस बजेटका निम्नानुसार उदेश्य लिएको छु।**

१.भौतिक पूर्वधारमा जोड दिने।
२.लक्षित समूह विकास कार्यक्रममा जोड दिने।
३.खेलकुद र पर्यटन विकासमा जोड दिने।
४.आधारभुत शिक्षा र स्वास्थ्य सुविधाको प्रत्याभूति गर्ने।
५.ग्रामिण विद्युतीकरण र सिँचाईमा जोड दिने।
६.शिघ्र र सुशासनयूक्त सेवा प्रवाहामा जोड दिने।
७.आय आर्जन,सिपमूलक तालिम र क्षमता अभिबृद्धि मार्फत आत्मनिर्भरतामा जोड दिने।
८.जवाफदेहि र पारदर्शिता मार्फत सेवाग्राहीमैत्री सेवाप्रवाहामा जोड दिने।
९.सुचना प्रविधिको प्रयोग मार्फत आन्तरिक आय बढाउने।

१.संघिय सरकारले लिएको "समृद्ध नेपाल सुखि नेपाली"नारा तथा कर्णाली प्रदेश सरकारले तय गरेको"समृद्ध कर्णाली सुखि कर्णाली वासी" र यस सोरु गाउँपालिकाले तय गरेको दिर्घकालिन नारा "शिक्षा,स्वास्थ्य,कृर्षि,पर्यटन,जडिवुटि र जलश्रोत,पूर्वाधार सोरु गाउँपालिका विकासको मूल आधार"भन्ने नारालाई आत्मसाथ गर्दै शुसासन पारदर्शिता कायम गरि नमुना गाउँपालिका निर्माण गरौं। गाउँ गाउँमा सिंहदरवार,घर घरमा सोरु

सरकारलाई कार्यान्वयन गर्ने गरी विकास निमार्ण र सेवा प्रवाहालाई शिघ्र सेवाग्राही मैत्री,पारदर्शी,जवाफदेहितालाई प्रवर्दन गर्न विशेष जोड दिने लक्ष्य लिएको छु ।

**यस आ.व.को निति,वजेट तथा कार्यक्रमका महत्वपूर्ण नितिहरु साथै वजेट तर्जुमाको सवालमा निम्न प्राथमिकता तोकेको छु ।**

**स्वास्थ्य क्षेत्रः**

१.विश्व महामारिको रुपमा फैलिएको नोभेल कोरोना भाईरस कोभिड १९ को दास्रो लहरले आक्रान्त भएर विश्वनै थलथलिएको साथै यसको प्रवाह यस सोरु गाउँपालिकामा पनि दिन प्रतिदिन वढिरहेको अवस्थालाई मध्यनजर गर्दै उक्त महामारिको रोकथाम तथा नियन्त्रण गर्नको लागि गाउँपालिका स्तरमा ३ जनाको ल्याप टेक्निसियनहरुलाई घर दैलो कार्यक्रम संचालन गरि चेक जाँचको दायरालाई फराकिलो बनाउने र आवश्यक परामर्श सेवा सहितको औषधिहरु सम्वन्धीत घरदैलो कार्यक्रम संगै वितरण गर्नको लागि आवश्यक वजेटको व्यवस्था मिलाएको छु ।

२.कोभिड रोगथाम तथा नियन्त्रणको लागि खटिएका स्वास्थ्यकर्मीहरु तथा अन्य सहयोगि कर्मचारीहरुको लागी सावधिक २००००० (दुई लाख) वरावरको निशुल्क जिवन विमाको व्यवस्था मिलाएको छ ।

३.यस सोरु गाउँपालिकामा स्थायी वसोवास गर्दै आएका गरिविको रेखामुनि रहेका,आर्थिक स्थीती कमजोर भएका क्यान्सर पिडित,मृगौला पिडीत र हेपटाईटिस वि, जस्ता जटिल रोगहरुको अपचारका लागि गाउँपालिकाले उपचार खर्च व्यहोर्ने व्यवस्था मिलाएको छु ।

शिक्षा तथा खेलकुद क्षेत्र :

१.यस सोरु गाउँपालिकामा संचालित सामुदायिक तथा संस्थागत विद्यालयहरुमा कार्यरत शिक्षक,शिक्षिकाहरुलाई कोभिड १९ कोरोना भाइरसको दोस्रो लहरलाई लक्षित गरि कोभिड भ्याक्सीन तुरुन्तै लगाउनको लागि आवश्यक वजेटको व्यवस्था मिलाएको छु ।

२.यस सोरु गाउँपालिकामा संचालित सामुदायिक विद्यालयहरुमा कार्यरत वाल विकास स.काको खाईपाईआएको पारिश्रमिकमा २५ प्रतिशतका दरले पारिश्रमिक बृद्धी गर्ने र माध्यामिक विद्यालयहरुमा कार्यरत लेखापालहरुको खाईपाईआएको तलवमा ५० प्रतिशतले बृद्धि गर्नको लागि आवश्यक वजेटको व्यवस्था मिलाएको छु ।

३.यस सोरु गाउँपालिका अर्न्तगत संचालित सम्पूर्ण विद्यालय र विद्यालयमा कार्यरत शिक्षकहरुलाई शैक्षिक सत्रको अन्त्यमा उत्कृष्ठ ३ विद्यालय र ३ जना प्र.अ.शिक्षक छनोट गरि पुरस्कृत गर्ने व्यवस्थाको लागि आवश्यक वजेट मिलाएको छु ।

४.यस सोरु गाउँपालिका अर्न्तगत संचालित प्रा.वि.तहका विद्यालयहरुमा शिक्षकको न्यूनता पुरा गर्ने हाल कायम रहेका पालिका स्तरीय स्वयमं सेवक दरवन्दीमा कार्यरत शिक्षकहरुलाई शैक्षिक सत्रभरि पुग्ने गरि तलव भत्ताको व्यवस्थाको लागि वजेट व्यवस्था मिलाएको छु ।

५.विद्यालयहरुको अनुगमन तथा निरिक्षण ,र विद्यालयमा अनुगमनको क्रममा देखिएका समस्याहरु समाधान गर्न विद्यालय संग शिक्षा प्रमुख भन्ने मुल नाराका साथ यो कार्यक्रमको लागि वजेटको व्यवस्था मिलाएको छु ।

६.गाउँपालिका स्तरमा खेलकुद विकास तथा पर्वद्धनको लागि आवश्यक वजेट व्यवस्थापन गरेको छु ।

७.गाउँपालिका स्तरमा प्राविधिक धारको र क्यापस स्थापनाको लागि पहल गर्ने प्रमुख निति लिएको छु ।

कृषि क्षेत्र :

१.यस सोरु गाउँपालिका विभिन्न वडाहरुमा स्याउ ,सुन्तला ,ओखर ,कागति ,अनार,अंगुर र केरा खेतिको लागि अति उपयूक्त स्थान र वातावरण भएकोले उक्त स्थान छनोटका आधारमा फलफुल पकेट विस्तार गरि व्यवसायिक फलफुल खेति विस्तार गर्न आवश्यक वजेट व्यवस्था मिलाएको छु ।

२.यस सोरु गाउँपालिकामा हिउँदे तथा वर्खे सिजनमा तरकारीको अवाभ हुने भएको उक्त अभावलाई पुर्ति गर्न वेमौसमि तरकारी खेतिको अति आवश्यक भएकाले उपयूक्त स्थान छनोट गरि वेमौसमि खेति विस्तार गर्न वजेटको व्यवस्था मिलाएको छु ।

३.यस सोरु गाउँपालिकामा लाभ हुँदै गएका रैथाने वाली जस्तै,चिनो,कागुनो,जुनेलो,फापर र मास खेति विस्तार यवमं संरक्षण गर्न आवश्यक भएकाले उक्त रैथाने वालिको विस्तार गर्न आवश्यक वजेटको व्यवस्था मिलाएको छु ।

४.यस सोरु गाउँपालिका अर्न्तगत कृषी पेशामा संलग्न सम्पूर्ण कृषीकहरुको कृषी जन्य वस्तु उत्पादन गरि आर्थिक आय आर्जन विद्धि गर्न नेपाल अनुसन्धान केन्द्रले सिफारिस गरेका विभिन्न उन्नत तरकारीको विउ र अन्न वाली जस्तै गहुँ ,मकै,धानको विउको अभाव हुन नदिन विउको व्यवस्थ गर्न र आधुनिक औजार खरिद गरी वितरण गर्न आवश्यक वजेटको व्यवस्था मिलाएको छु ।

५.यस सोरु गाउँपालिका अर्न्तगत कृषी पेशामा संलग्न कृषकहरुको कृषी व्यवसायबाट वढि आम्दानी गर्न माटो परिक्षण अनिवार्य भएकोले माटो परिक्षणको लागि वजेटको व्यवस्था मिलाएको छु ।

६.यस सोरु गाउँपालिका अर्न्तगत कृषी पेशामा संलग्न कृषकहरुलाई व्यवसायिक कृषक वनाउन ज्ञान सिप र अवलोकनको आवश्यकता पर्ने भएकोले जन प्रतिनिधि र उत्कृष्ठ अगुवा कृषक र कर्मचारीको संयूक्त रुपमा अर्न्तर जिल्ला कृषि भर्मणको लागि आवश्यक वजेटको व्यवस्था गरिएको छ ।

७.यस सोरु गाउँपालिका अर्न्तगत कृषी पेशामा संलग्न व्यवसायिक कृषक ,कृषी समूह,कृषी सहकारी र निजि कृषी फर्मले व्यवसायिक खेति गरे वापत उत्कृष्ठलाई प्रोत्साहन गर्न आवश्यक वजेटको व्यवस्था गरिएको छ ।

८.यस सोरु गाउँपालिका अर्न्तगत कृषी पेशामा संलग्न कृषकहरुले उत्पादन गरेका कृषी वस्तुहरुको प्रर्दशनिको लागि गाउँपालिका स्तरिय कृषी मेला प्रर्दशनिको लागि आवश्यक वजेटको व्यवस्था मिलाएको छु ।

पशु क्षेत्रः

१.यस सोरु गाउँपालिका अर्न्तगतका वडा वस्तीहरुमा हाल करिव ६०००० हाराहारिका पशुपन्छी रहेको र वेला वेलामा महामारी र अज्ञात रोग फैलिन सक्ने कुरालाई मध्यनजर गर्दै महामारि रोग नियन्त्रणको लागि पशु स्वास्थ्य सिविर ,खोप व्यवस्थापन र ल्याप सामाग्री तथा औषधि खरिद गर्नको लागि आवश्यक वजेटको व्यवस्था मिलाइएको छ ।

२.हाल सम्म गाउँपालिकामा परम्परागत रुपमा मात्रै पशुपन्छिी पालन गर्दै आएको हुँदा दुध ,फुल,मासु उत्पादनमा कमी आएकोले विभिन्न उन्नत जातका भाले जनावर जस्तै थुमा,वोका,साँडे र राँगो,कुखुरा  खरिद तथा वितरणको लागि आवशयक वजेटको व्यवस्था मिलाइएको छ ।

३.यस गाउँपालिकामा पशुपालन व्यवसायमा संलग्न कृषकहरुले पशुपालन व्यवसायबाट आहाराको कमीले गर्दा सोचे अनुसारको आम्दानी लिन नसकेकोले वढि आम्दानी लिनको लागि चरन खरको विकास र व्यवसायिक घाँस खेतिको लागि आधुनिक औजार र विउ खरिद गर्न आवश्यक वजेटको व्यवस्था मिलाएको छु ।

बन क्षेत्र :

१.यस सोरु गाउँपालिका क्षेत्र भित्र रहेका सामुदायी वन उपभोक्त समितिको क्षमता अविद्धि गर्न तालिमको व्यवस्था मिलाएको छु ।

२.सहकारी र सामुदायीक वनको साझेदारीमा आयआर्जन मुलक तालिम र लघुउद्यम विकासमा जोड दिईने छ ।

३.११ वटै वडामा वन संरक्षणको लागी वन हेरालोको व्यवस्था गरिनेछ ।

उद्यम विकास क्षेत्र :

१. संघिय सरकारले स्थानिय तहमा शर्षत अनुदान मार्फत उद्यम विकासको लागि प्राप्त हुने रकमलाई स्थानिय तहले पनि आफ्नो दाईत्व सम्झी नयाँ लघु उद्यमिको सृजना तथा स्तरउन्नतीको लागि थप वजेटको व्यवस्था गरेको छ ।

सुचना प्रविधि क्षेत्र

१.यस सोरु गाउँपालिकामा सुचना प्रविधिको विकास गर्न गाउँपालिकाको कार्यालयमा ५ एम.वि.पि.एसको ईन्टनेट यथावथ राखि वडा कार्यालय,स्थास्थ्य चौकी,विद्यालयहरुमा समेत साविकको १ एम.वि.पि.एस.को ईन्टरनेटलाई थप विस्तार गरि २ एम.वि.पि.एस. वनाउन वजेट व्यवस्थापन गरेको छु ।

२.यस सोरु गाउँपालिका अर्न्तगत विभिन्न शाखामा कार्यालय व्यवस्थापन , अभिलेख राख्ने कार्य , राजश्व संकलन कार्य  सफ्टवेर मार्फत गरी उचित कार्यलय व्यवस्थापन गर्न र राजश्वको दायरा वढाई आन्तरिक राजश्वलाई सत प्रतिसत वढाउने निति स्वरुप वजेटको व्यवस्थापन गरेको छु ।

पुर्वाधार क्षेत्र :

१.यस सोरु गाउँपालिकामा विकास निर्माणका कार्यहरु अगाढि बढाउन पालिका स्तरको गुरुयोजना निर्माण गरि गुरु योजनामा प्राथमिकिकरण गरिएका योजनाहरुलाई प्राथमिकता दिई मिर्माण कार्य अगाढि बढाउन आवश्यक वजेटको व्यवस्था गरेको छु ।

२.यस गाउँपालिकाका सडक पुग्न बाँकी वडा नं ४,५,१०,११ का वडाहरुमा क्रमसः सडक विस्तारमा जोडि दिईनेछ ।

३.तारापानिमा पन्ध्र शैया अस्पताल निमार्णको कार्य अगाढि बढिरहेकोले उक्त कार्य संचालनमा सहजिकरण गर्नको लागि आवश्यक प्राविधक सहितको सेवा उपलब्ध गर्ने व्यवस्था मिलाईएको छ ।

४.सवै टोल वस्तिहरुमा फोहोर मैला व्यवस्थापन गर्न प्लास्टिक जन्य फोहोर मैलालाई समेत व्यवस्थापन गर्नको लागि सोरु गाउँपालिकाको ११ वटै वडाका प्रत्येक टोलहरुलाई एक एक वटाका दरले डम्पीङ्ग खाडल निर्माणको लागि आवश्यक वजेटको व्यवस्था गरिने छ ।

५.सवै वडाका प्राकृतिक तथा धार्मिक स्थानलाई संरक्षण गरि पर्यटन विकासमा जोड दिनको लागि आवश्यक वजेटको व्यवस्था गरेको छु ।

६.सोरु गाउँपालिकामा अध्यायनरत प्राविधिक जन शक्तिकोको ज्ञानको उपयोगको लागी गाउँपालिकाको कार्यक्रममा सहयोग पुग्ने गरि **OJT** परिचालन गर्ने व्यवस्था मिलाएको छु ।

७.आवधिक योजना र सडक गुरुयोजना कार्यान्वयन गर्दै लगिने छ र अन्य क्षेत्रगत योजना,रणनितिक योजना र गुरुयोजना निमार्ण मार्फत गाउँपालिकाको समग्र विकासमा क्रमश जोड दिईने निति लगेको छु ।

८.सडक निमार्ण गर्दा वृक्षारोपण गर्ने निति लागु गरिने छ र भुकम्प प्रतिरोधी घर निमार्णका लागि भवन निमार्ण आचार संहिता अनुरुप भवन निर्माण गर्न नचेतनामुलक कार्यक्रम संचालनमा जोड दिईनेछ ।

९.सार्वजनिक सुनुवाई विद्युतिय शासन,सामजिक परिक्षण र सुचना प्रविधिको प्रयोग मार्फत सुशासन प्रवर्द्धनमा जोड दिईनेछ । गाउँपालिकाको सि.सि.टि.भि. विद्युतिय हाजिरि र विद्युतिय नागरिक वडापत्र (विद्युतिय सुचना पाटी) हरेक वडाकार्यालय,विद्यालय र सेवा केन्द्रमा क्रमश विस्तार गरिने निति लिइएको छु ।

१०.साझेदारी मार्फत विद्युत उत्पादन र विद्युतिकरणमा जोड दिईनेछ ।

११.सार्वजनिक निजी साझेदारी निति अनुरुप विकास निमार्ण गर्दा निजि क्षेत्र संग सहकार्य गरिनेछ ।

१२.खानेपानि बाट वन्चित वस्तिहरुमा स्वच्छ खानेपानिको व्यवस्थापन गर्ने निति लिईने छ ।

१३.योजना प्रभावकारी र गुणस्तरिय र दिगो बनाउन गाउँपालिकाबाट नियमित अनुगमन /वाह्य अनुगमनमा जोड दिई सामाजिक परिक्षण र सार्वजनिक सुनुवाईको कार्यान्वियन गरिनेछ ।

१४(गाउँ गाउँमा सिंहदरवारको अवधारणालाई मूर्तरुप दिन  सम्पूर्ण लाभग्राहीहरुलाई बैकं खाता मार्फत भुक्तानि गर्नको लागि खाता संचालनमा सहजिकरण गर्न खाता संचालन टोली घर दैलोमा पुर्‍याउनको लागि आवश्यक वजेटको व्यवस्था गरेको छु ।

१५.वाढी पहिरोको उच्च जोखिममा रहेको वस्तिहरुमा तटवन्धनको व्यवस्था गरिनेछ र जोखिम बस्ती स्थानान्तरण गरिनेछ र जोखिम बस्ती स्थानान्त्रण र विस्तार गरिनेछ ।

महिला वालवालिका,दलित तथा जेष्ठ नागरिक

१.महिला लक्षित कार्यक्रमहरु संचालन गरिने छ र महिलाको कार्यवोझ कम गर्न कुटानि पिसानि मिलको व्यवस्थापनको लागि आवश्यक वजेट व्यवस्थापन गरेको छु ।

२.वालमैत्री गाउँपालिका,वातावरण मैत्री गाउँपालिका,धुँवा रहित गाउँपालिका,पूर्ण खोत यूक्त गाउँपालिका, पूर्ण साक्षर गाउँपालिका र खुल्ला दिशा मुक्त गाउँपालिका र मदिरामूक्त गाउँपालिका जस्ता अभियानलाई दिगो र स्थाई बनाउने कियाकलाव संचालनमा जोड दिएको छु ।

३.बैकं खाता छोरीको सुरक्षा जिवन सुरक्षा भरिको कर्णाली प्रदेश सरकारको निति अनुरुप उक्त कार्यक्रमलाइ वढवा दिदै प्रचार प्रसार मुखि वनाउँदै सोरु पुर्ण रुपमा लागु गर्नको लागि प्रमुख निति लिएको छु ।

४.जातीय छुवाछुत हटाउन,वाल विवाह न्यूनिकरण गर्न लैङ्गिक तथा महिला विभेद हटाउन विषेश खालका कार्यक्रम संचालन गर्ने निति लिएको छु ।

५.लक्षित समुहको सशक्तिकरण अर्न्तगत महिला,वालवालिका,दलित,अल्पसंख्यक असक्त,एकल महिला,जेष्ठ जागरीक र पिछडियको वर्गको लागि विशेष कार्यक्रम संचालन गरिने छ ।

६.यस गाउँपालिका अर्न्तगत सम्पूर्ण होटल व्यवसायि र पसलहरु तथा सहकारी संस्थालाई गाउँपालिकामा आवद्ध गरि नियमन  गरिनेछ।

७.प्रत्येक वडामा रहेका प्रचलित धार्मिक स्थल,पर्यटकिय स्थल पहिचान गरी व्यवस्थीत गर्ने र धैन र भिई स्थित दोमुखलाई तिर्थ स्थलको रुपमा व्यवस्थीत बनाईनेछ ।

८.गै.स.स.संचालन तथा समन्वय ऐन ,कार्यविधि मार्फत गै.स.स.को परिचालन र नियमन गरिनेछ ।

९.पारीत भएका ऐन  कार्यन्वयन गर्न नियमावली र कार्यविधि बनाई लागु गरिनेछ र बाँकी एकल अधिकारका कार्यसुचि कार्यन्वयन गर्न ऐन,नियम र मापदण्ड बनाई क्रमश कार्यान्वयन गरिनेछ ।

१०.बेरोजगारलाई रोजगारी दिनको लागी प्रधानमन्त्री रोजगार कार्यक्रमलाई निर्देशिका बमोजिम प्रभावकारी रुपमा संचालन गरिनेछ ।

११.गा.पा.को भवन र वडा कार्यालयको भवन निमाणको  लागि निशुल्क जग्गा व्यवस्थापन गरी  प्रदेश र संघ सरकारको लगानिमा क्रमश भवन निमार्ण गरी सेवा प्रवाहमा जोड दिईने निति लिइएको छु ।

१२.यस सोरु गाउँपालिकालाई स्तर वृद्धि गरि राज्यको निति अनुरुप ऋमश नगरपालिका वनाउने प्रमुख निति लिइएको छु ।

१३. पाँच वर्षको प्रगति समिक्षा सहित प्रत्येक्ष अध्यक्ष घरदैलो कार्यक्रम र सोरु गाउँपालिकाका महिलाहरुसंग उपाध्यक्ष सरोकार कार्यक्रमलाई नितिको रुपमा लिइ वजेटको व्यवस्था गरेको छु ।

सभाध्यक्षज्यू ,प्रमुख अथिति तथा गाउँसभा सदस्यज्युहरु,
आ.व.२०७८।७९ मा यस सोरु गाउँपालिकालाई निम्नानुसारको संघिय सरकार,प्रदेश सरकार आन्तरिक श्रोतबाट प्राप्त हुने वजेटको आयको अनुमान गरेको छु ।
१.संघिय सरकार समानिकरण अनुदान वापत रु ९४५००००० नौ करोड पैतालिस लाख ।
२. संघिय सरकार शर्षत अनुदान वापत रु १९६९००००० उन्नाईस करोड उनान्सत्तरि लाख ।
३.संघिय सरकार राजश्व वाँडफाँड वापत रु ६९५२०००० छ  करोड पन्चानव्य लाख विस हजार ।
संघिय सरकार मार्फत जम्मा प्राप्त हुने रकम : ३७०९२०००० (सैतिस करोड नौ लाख विस हजार)
प्रदेश सरकार तर्फ :
१. समानिकरण अनुदान वापत रु १००४१००० एक करोड एक चालिस हजार ।
२.प्रदेश सरकार शर्षत अनुदान वापत रु ९०६८००० नव्य लाख अड्सठी हजार।

३.प्रदेश सरकार विषेश अनुदा वापत रु २५००००० पच्चीस लाख ।
४.प्रदेश सरकार समपुरक अनुदान वापत रु १०००००००० एक करोड ।
५.प्रदेश राजश्व बाँडफाँड वापत रु २८३७९६ दुई लाख तिरासी हजार सात सय छयानव्य ।
प्रदेश सरकार मार्फत जम्मा प्राप्त हुने रकम रु ३१८९२७९६ तिन करोड अठार लाख वयानव्य हजार सात सय छयानव्य ।

आन्तरिक श्रोत :
यस सोरु गाउँपालिकालाई हाल सम्म रु.६००००० (छ लाख प्राप्त भएको छ ।
१. आ.व.२०७८।७९ मा यस सोरु गाउँपालिकालाई संघिय सरकार,प्रदेश सरकार र आन्तरिक श्रोत गरि जम्मा रु ४०३४१२७९६ चालिस करोड चौतिस लाख वाह्र हजार सात सय छयानव्य रुपैया अनुमान गरेको छु ।

## आ.व.२०७८।०७९ को प्रस्तावित आय व्ययको विवरण निम्न अनुसार पेश गरेको छु ।

**यस अर्न्तगत पूँजिगत खर्चलाई निम्नानुसारका खर्च शिर्षमा विनियोजन गरि योजना छनोट गर्ने गरि प्रस्ताव गरेको छु ।**

| सि.नं | खर्च शिर्षक | विनियोजित प्रतिशत | प्रस्तावित विनियोजित रकम | कै |
|---|---|---|---|---|
| १. | सामाजिक विकास | २०% | २ करोड ९० लाख ८ हजार दुइ सय | |
| २. | पूर्वाधार विकास | ३०% | ३ करोड १३ लाख ६२ हजार ३ सय | |
| ३. | आर्थिक विकास | २०% | २ करोड ९० लाख ८ हजार दुइ सय | |
| ४. | वन, वातावरण तथा विपत व्यवस्थापन | १५% | १ करोड ५६ लाख ८१ हजार १ सय पचास | |
| ५. | संस्थागत विकास | १५% | १ करोड ५६ लाख ८१ हजार १ सय पचास | |
| जम्मा | | | दश करोड पैतालिस लाख एकचालिस हजार मात्र । | |

साथै चालु तर्फको खर्च कर्मचारि तथा पदाधिकारीहरुको तलव भत्ता ,सुविधा,कार्यालय संचालन तथा अन्य चालु खर्च तर्फका विभिन्न शिर्षमा खर्चहुने गरि सभामा छलफलको लागि प्रस्ताव गरेको छु ।

शर्सत अनुदानको वजेट नेपाल सरकारबाट स्वीकृत कार्यक्रममा खर्च गर्ने गरि प्रस्ताव गरेको छु भने वित्तीय समानीकरण तर्फको वजेट वार्षिक विकास कार्यक्रम प्रस्ताव गरेको छु ।

करको सर्न्दभमा गत आ.व.मा स्वीकृत करको दर यथावत राखी निम्नानुसार प्रस्ताव गरेको छु । तग आर्थिक वर्षमा वार्षीक आम्दानी रु पाँच लाख प्रक्षेपण गरिएकोमा हाल वार्षिक आम्दानी दोव्वरले वृद्धि गरि रु १००००००(दश लाख) प्रक्षेपण गरेको छु ।

## प्रस्तावित करका दरहरुः

| सि.नं | करको किसिम | करको दर |
|---|---|---|
| १ | मालपोत करःप्रतिरोपनी | रु. ५ |
| २ | नागरिकता सिफारिस | रु.१०० |
| ३ | योजना सिफारिस | रु.५०० |
| ४ | सामान्य सिफारिस | रु.५० |
| ५ | नाता प्रमाणित | रु.१०० |
| ६ | जग्गा नामसारी | रु.१०० |
| ७ | चारकिल्ला प्रमाणित | रु.५०० |
| ८ | संस्था दर्ता शूल्क | रु २५०० |
| ९ | घरधुरी दर्ता | रु १०० |
| १० | खुद्रा पसल दर्ता | रु ५०० |
| ११ | मेडिकल दर्ता | रु २५०० |
| १२ | पशु फर्म दर्ता | रु १५०० |
| १३ | साना घरेलु उद्योग दर्ता | रु ५००० |
| १४ | मझौला उद्योग दर्ता | रु १०००० |
| १५ | ठुला उद्योग दर्ता | रु ३०००० |
| १६ | होमस्टे दर्ता | रु १५०० |
| १७ | होटेल,रेष्टुरेन्ट दर्ता | रु १५०० |
| १८ | संस्था नविकरण | रु ५००० |

| | | |
|---|---|---|
| १९ | घटना दर्ता विलम्ब शुल्क | रु ५० |
| २० | आय प्रमाणित | आयको ०.२५% |
| २१ | नक्सा प्रमाणित | रु १०० |
| २२ | घरकर वार्षिक | रु १०० |
| २३ | घरको नक्सा पास | |
| | – बाटोसंग जोडिएको | रु ६००० |
| | –बाटोसंग नजोडिएको | रु ४५०० |
| | ख.दुई तलाको | |
| | –बाटोसंग जोडिएको | रु८००० |
| | –बाटोसंग नजोडिएको | रु ६००० |
| | ग.तीन तलाको | रु |
| | –बाटो संग जोडिएको | रु ८००० |
| | –बाटो संग नजोडिएको | रु ६००० |
| २४ | पर्यटन शुल्क | रु |
| | –जिल्ला भित्र | रु २० |
| | –जिल्ला बाहिर | रु १०० |
| | –विदेशी | रु ५०० |
| २५ | घ वर्गको निमार्ण व्यवसाय नयाँ ईजाजत दस्तुर | रु २०,००० |
| | घ वर्गको ईजाजत पत्र नविकरण दस्तुर | रु.५००० |
| | घ वर्गको ईजाजत पत्र नविकराण विलम्ब दस्तुर | रु २००० |

**अन्त्यमा वजेट तर्जुमाको लागी आवश्यक सिलिङ्ग प्राथमिकता र निति तय गर्न सघाउ पुर्‍याउने नेपाल सरकार, कर्णाली प्रदेश सरकार, जिल्ला समन्वय समिति,मुगु तथा सोरुका राजनितिक दलका नेता ज्यूहरु श्रद्धेय गाउँपालिका अध्यक्ष ज्यू र वडा अध्यक्ष लगायत सोरु गाउँपालिका सवै सदस्य र गाउँसभाका सवै सदस्य ज्यूहरु प्रति हार्दिक आभार प्रकट गर्दछु ।**

**वजेटका उदेश्य,प्राथमिकता र नितिहरुमा सुझाव पेश गर्ने गाउँसभा सदस्यहरु,सोरु गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत लगाएत सम्पूर्ण कर्मचारी,बुद्धिजिवी,सिक्षक,पेशाकर्मी,निजि क्षेत्र,नागरिक समाज,सुरक्षाकर्मी र संचारकर्मी तथा सोरु गाउँपालिकाका आमा बुवा,दाजुभाई,दिदि बहिनी प्रति विषेश धन्यवाद दिदै वजेट कार्यन्वयनमा सवैको रचनात्मक र सकरात्मक सहयोगको अपेक्षा व्यक्त गर्दछु ।**

**धन्यवाद**

# सोरु गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
# जिमा,मुगु ।

मिति : २०७८।०३।२५ गते

## आर्थिक वर्ष २०७८।७९ को निति तथा कार्यक्रम सहितको वजेट कक्तव्य

**कुल वजेट : ४० करोड ३४ लाख १२ हजार ७ सय ९६ मात्र ।**

**प्रस्तोता : राज्यलक्ष्मी मल्ल (बम)**

**गा.पा.उपाध्यक्ष**

"शिक्षा,स्वास्थ्य,कृर्षि,पर्यटन,जडिवुटि र जलश्रोत,पूर्वाधार सोरु गाउँपालिका विकासको मूल आधार"